संघीय संसद
राष्ट्रिय सभा
सोह्रौं अधिवेशन
बैठक-६
२०८१ जेठ ८ गते, मङ्गलवार
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : १:२९ बजे*
*बैठक स्थगित : १:४१ बजे*

संघीय संसद, राष्ट्रिय सभाको सोह्रौं अधिवेशनको छैटौं बैठक सम्माननीय अध्यक्ष नारायण प्रसाद दाहालको अध्यक्षतामा अपराह्न १:२९ बजे प्रारम्भ भयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सभाको कारबाही प्रारम्भ भएको जानकारी दिँदै गर्दा प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आ-आफ्नो आसन अगाडि उभिनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरूलाई बसेर बैठकको कामकारबाहीलाई अगाडि बढाउनको निमित्त आग्रह गर्नुहुँदा प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरूले आग्रह अस्वीकार गर्दै उभिइरहनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले संविधानत दिएका मूल्य मान्यताअनुसार संसदले गर्नुपर्ने कामकारबाहीहरू अगाडि बढाउन बाध्य रहेको बताउँदै फेरि पनि बस्न आग्रह गर्नुभयो र सभाको कामकारबाही अगाडि बढाउनुभयो ।

त्यसपछि, प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू आ-आफ्नो आसनबाट अगाडि आएर सहकारी ठगीलाई कारबाही गर भन्ने नारा लगाइरहेकै अवस्थामा सम्माननीय अध्यक्षले सभाको कामकारबाहीलाई निरन्तरता दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति तथा कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएकोहुँदा उक्त पत्रको व्यहोरा जानकारी गराउनुभयो ।

"सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूको नेतृत्वमा मिति २०७९ साल पुस ११ गते गठित मौजुदा मन्त्रिपरिषद्मा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा मिति २०८१/०१/३१ गते देहायबमोजिम मन्त्री तथा राज्यमन्त्रीको नियुक्ति र कार्यविभाजन गर्नुभएको ब्यहोरा सादर अनुरोध गर्दछु।

| क्र.स. | नाम, थर | पद | कार्यविभाजन |
|---|---|---|---|
| १. | श्री प्रदीप यादव | मन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| २. | श्री हसीना खान | राज्यमन्त्री | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |

(डिल्लीराम शर्मा)
सचिव
२०८१ जेठ १"

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" लाई सम्वत् २०८१ साल जेठ १ गते सम्माननीय राष्ट्रपति महोदयबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनको प्रति सभासमक्ष टेबुल गर्न समय उपलब्ध गराउनुहुँदा सम्माननीय प्रधानमन्त्रीले उक्त सम्बोधनको प्रति सभासमक्ष टेबुल गर्नुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको सम्बोधनका लागि सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्न देहाय बमोजिमको धन्यवादको प्रस्ताव प्रस्तुत गर्नुभयो।

“सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको संविधानको धारा ९५ बमोजिम संघीय संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्वत् २०८१ साल जेठ १ गते अपराह्न ३:०० बजे गर्नुभएको सम्बोधनका लागि राष्ट्रिय सभाको यो बैठक सम्माननीय राष्ट्रपति महोदयमा धन्यवाद ज्ञापन गर्दछ।”

त्यसपछि, सम्माननीय अध्यक्षले उपरोक्त प्रस्तावलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्नुहँदा सत्ता पक्षका माननीय सदस्यहरूले सहमति जनाउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले नेपाल सरकारको नीति तथा कार्यक्रममाथि राष्ट्रिय सभा नियमावली २०७५, को नियम ३८ को उपनियम (२) बमोजिम संशोधनको सूचना पेस गर्न चाहनुहुने माननीय सदस्यहरूले सम्वत् २०८१ जेठ ९ गते बिहान ११ बजेदेखि अपराह्न २ बजेभित्र कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा दिन सकिने र संशोधनको सूचना फाराम पनि सोही शाखाबाट उपलब्ध हुने जानकारी गराउनुभयो । सम्माननीय राष्ट्रपतिबाट गरिएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८१।०८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफल गर्न सम्वत् २०८१ जेठ ११ गतेको दिन र उक्त छलफलमा उठ्ने विषयहरूको सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीबाट जवाफ दिनका लागि सोही दिन निर्धारण गरिएको व्यहोरासमेत जानकारी गराउनुभयो ।

त्यसपछि, सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८१।०८२ का लागि नेपाल सरकारको वार्षिक नीति तथा कार्यक्रममाथि हुने छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूको नाम दलीय प्रतिनिधित्वको आधारमा सम्वत् २०८१ जेठ ११ गते बिहान ११ बजेभित्र कार्यव्यवस्था शाखा (राष्ट्रिय सभा) मा उपलब्ध गराइदिनुहुन अनुरोध गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीलाई "लगानी सहजीकरण सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउनुहुँदा माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीले उक्त अध्यादेश सभासमक्ष पेस गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक मिति २०८१ साल जेठ ११ गते शुक्रबार अपराह्न १ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक स्थगित गर्नुभयो।

पद्मप्रसाद पाण्डेय
महासचिव